नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
रुकुम पूर्व

## रुकुम पूर्वका प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश

मिति २०७८।०४।३२

दोस्रो लहरको कोभिड १९ को संक्रमणको दर यस जिल्लामा घट्दो क्रममा रहेको भए तापनि संक्रमणको जोखिम रहिरहेको हुँदा उक्त संक्रमणको रोकथाम र नियन्त्रणको लागि मिति २०७८।०४।३२ गतेको निर्णयानुसार कोभिड संकट व्यवस्थापन गर्न बनेको अध्यादेश, २०७८ को दफा ४, संक्रामक रोग ऐन, २०२० को दफा २ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ ले दिएको अधिकार प्रयोग गरी मिति २०७८।०५।०१ गते राति १२:०० बजेदेखि २०७८।०५।१० गते राति १२:०० बजेसम्मका लागि देहाय अनुसारको आदेश जारी गरिएको छ । यो आदेशको पालना गर्नु गराउनु सबै व्यक्ति, संघ संस्था, पेशाकर्मी, व्यवसायी तथा आम नागरिकको कर्तव्य हुनेछ । यस आदेशलाई उल्लंघन गर्ने जो सुकैलाई संक्रामक रोग ऐन, २०२० अनुसार कारवाही गरिनेछ ।

देहायः

१. सञ्चालन गर्न पाइने सेवा, पसल तथा व्यवसायहरुः

क. विद्यालय, कलेज, ट्युशन सेन्टर, डान्स सेन्टर बाहेक अन्य पसल तथा व्यवसायहरु स्वास्थ्यका मापदण्डहरु पूर्ण पालना गरी बेलुकी ७:०० बजेसम्म सञ्चालन गर्न पाइने ।

ख. स्वास्थ्य मापदण्डको पूर्ण पालना गर्ने र कूल सीट क्षमता बराबरको संख्यामा मात्र यात्रु रहने गरी सार्वजनिक यातायात सञ्चालन गर्न पाइने ।

ग. विवाह र मृत्यु संस्कारका कार्यक्रमहरु २५ जना भन्दा बढी भेला नहुने र स्वास्थ्यको मापदण्ड पालना गर्ने गरी सञ्चालन गर्न पाइने ।

२. सञ्चालन गर्न नपाइने गतिविधि, सेवा, पसल तथा व्यवसायहरु

क. सभा, सम्मेलन, जुलुस हाटबजार, भेला, जात्रा, महोत्सव, पार्टी, भोज, सामूहिक खेलकूद कार्यक्रमहरु सञ्चालन गर्न नपाइने

ख. नियमित पूजा र प्रार्थना बाहेक सबै प्रकारका धार्मिक कार्यक्रमहरु सञ्चालन गर्न नपाइने ।

ग. विद्यालय, कलेज, ट्युशन सेन्टर, डान्स सेन्टर सञ्चालन गर्न नपाइने ।

३. उपलब्ध हुने सार्वजनिक सेवाहरुः

क. कार्यालयमा स्वास्थ्य मापदण्डको पूर्ण पालना गर्ने र कार्यालयले तय गरेको मापदण्ड अनुसार हुने गरी सार्वजनिक सेवाहरु उपलब्ध हुने ।

२०७८।०४।३२

लक्ष्मी प्रसाद बास्कोटा
प्रमुख जिल्ला अधिकारी
प्रमुख जिल्ला अधिकारी